एक व्यक्तिले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई कयामतको बारेमा सोधे: "कयामत (प्रलय) कहिले आउँछ?" उहाँले सोध्नुभयो: "तिमीले यसको लागि के तयारी गरेका छौ?

अनस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, एक व्यक्तिले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई कयामतको बारेमा सोधे: "कयामत (प्रलय) कहिले आउँछ?" उहाँले सोध्नुभयो: "तिमीले यसको लागि के तयारी गरेका छौ?" उनले जवाफ दिए: "मैले कुनै खास तयारी त गरेको छैन, तर म अल्लाह र उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई प्रेम गर्छु।" यो
सुनेर उहाँले भन्नुभयो: "निश्चयनै तिमी उसैसँग हुनेछौ जसलाई तिमी प्रेम गर्छौ।" अनस (रजियल्लाहु अन्हु) ले भने: "हामी नबी (सल्लल्लाहु अलैहि वसल्लम) को भनाइ—'निश्चयनै तिमी जसलाई प्रेम गर्छौ उसैसँग हुनेछौ'—बाट जति खुशी भयौं, त्यति अरू कुनै कुराबाट भएका थिएनौं।" अनस (रजियल्लाहु अन्हु) ले थपे: "म अल्लाहका नबी (सल्लल्लाहु अलैहि वसल्लम), अबूबकर र उमर (रजियल्लाहु अन्हुम) लाई प्रेम गर्छु। यद्यपि मैले उहाँहरूको जस्तो कर्म गर्न सकेको छैन, तैपनि उहाँहरूप्रतिको प्रेमका कारण म उहाँहरूसँगै हुने
आशा गर्दछु।"
[सही] [मुत्तफकुन अलैहि]

मरुस्थलका एक बासिन्दाले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधे: कयामत (प्रलय) कहिले आउँछ? उहाँले उसलाई सोध्नुभयो: तिमीले त्यसको लागि के असल कर्महरू गरेका छौ? प्रश्नकर्ताले जवाफ दिए: "मैले कयामतको तयारीमा कुनै ठूलो कर्म त गरेको छैन, तर म अल्लाह र उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई प्रेम गर्छु।" उनले अन्य कुनै आध्यात्मिक, भौतिक वा आर्थिक उपासना बारे केही उल्लेख गरेनन्; किनकि यी सबै उपासनाहरू प्रेमका शाखा र परिणाम हुन् र ती सबै प्रेममै समाहित हुन्छन्। साथै, साँचो प्रेमले नै मानिसलाई पुण्य कर्म गर्न उत्प्रेरित गर्छ। उसको जवाफ सुनेर नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: पक्कै पनि तिमी जसलाई माया गर्छौ स्वर्गमा उसैसँग हुनेछौ । नबी (सल्लल्लाहु अलैहि वसल्लम) का सहाबा(साथी)हरूयो सुसमाचारबाट अत्यन्त खुसी भए। त्यसपछि अनस (रजियल्लाहु अन्हु) ले भने: उनी अल्लाहको नबी (सल्लल्लाहु अलैहि वसल्लम), अबू बकर र उमर (रजियल्लाहु अन्हुम) लाई माया गर्छन् र उनीहरूले गरे जस्तो कर्महरू गर्न नसके पनि उहाँहरूप्रतिको प्रेमका कारण उहाँहरूसँगै हुने आशा राख्छन्।

http://sunnah.global/hadeeth/ne/show/3087